# विद्यालय शिक्षा विधेयक सम्बन्धी प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमको प्रतिवेदन

## (सुदूर पश्चिम प्रदेश)

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सचिवालय

शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

सिंहदरबार, काठमाडौं

२०८१

## परिच्छेद एक
## परिचय


१.१ पृष्ठभूमि ........ १
१.२ कार्यक्रमको उद्देश्य ........ ३
१.३ कार्यक्रमको विधि तथा प्रकृया ........ ४
१.४ अध्ययनको सीमा ........ ४
१.५ प्रतिवेदनको संरचना ........ ४


## परिच्छेद दुई
## विद्यालय शिक्षा विधेयक, २०८० को अन्तरवस्तु


२.१ विधेयकको सामान्य परिचय ........ ५
२.२ विधेयकले समेटेका मूलभूत विषय ........ ५
२.३ विधेयकका केही प्रमुख सवाल ........ ९
२.४ विधेयकका सम्बन्धमा समितिको हालसम्मको कार्य ........ १०


## परिच्छेद तीन
## अन्तर्क्रिया कार्यक्रम तथा विद्यालयको अवलोकन सम्बन्धी जानकारी


३.१ अन्तर्क्रिया कार्यक्रमका क्रियाकलाप ........ ११
३.२ अन्तर्क्रिया कार्यक्रमबाट प्राप्त राय सुझाव ........ ११
३.३ राय सुझावको सार ........ २३
३.४ विद्यालयको स्थलगत अवलोकन ........ २४


## परिच्छेद चार
## निष्कर्ष तथा सुझाव


४.१ निष्कर्ष ........ २५
४.२ सुझाव ........ २५


## अनुसूची


अनुसूची १ कार्यक्रमको मोडालिटी ........ २७
अनुसूची २ कार्यक्रमका सहभागी सरोकारवाला ........ २८
अनुसूची ३ विज्ञको प्रस्तुतीकरणका स्लाइड ........ २९
अनुसूची ४ अन्तर्क्रिया कार्यक्रम तालिका ........ ३३
अनुसूची ५ अन्तर्क्रिया कार्यक्रमका केही झलक ........ ३४
अनुसूची ६ विद्यालयको स्थलगत अवलोकन सम्बन्धी केही झलक ........ ३७

## परिच्छेद एक

## परिचय

### १.१ पृष्ठभूमि

विद्यालय शिक्षा कुनै पनि राष्ट्रको विकास र समाज सुधारको आधारभूत खम्बा मानिन्छ । नेपालको शैक्षिक प्रणाली लामो समयसम्म घर र गुरुकुलमा आधारित थियो। यो पूर्व भारतीय शिक्षा प्रणालीसँग मिल्दोजुल्दो थियो, जसमा विद्यार्थीहरू आफ्नै घरमा वा प्रतिष्ठित पण्डितहरू वा गुरुहरूसँग अध्ययन गर्थे। नेपालमा राणा शासनको उत्तरार्द्धसम्म सिमित विद्यालय थिए र सर्वसाधारण सबैले औपचारिक शिक्षामा पहुँच पाएका थिएनन्। अझ भन्ने हो भने २००७ सालमा जहानिया राणा शासनको अन्त हुनुअघिसम्म शिक्षामा सबैलाई सहज पहुँच हुन सकेको थिएन। विद्यालयहरुको विस्तार पनि व्यापक रुपमा भएको थिएन।[१]

नेपालमा विद्यालय शिक्षाले धेरै सुधार र परिवर्तनको सामना गर्दै आएको छ। २००७ सालको प्रजातन्त्रको उदयसँगै देशमा शिक्षाले गति लिन थाल्यो र योजनावद्ध विकासको शुरुवातसँगै शिक्षाले नयाँ आयाम फर्न थाल्यो भन्न सकिन्छ । विस्तारै राजनीति प्रणालीको संस्थागत विकासको क्रमसँगै शिक्षामा नयाँ नयाँ शुरुवात र प्रयोगहरु हुँदै गए र वर्तमानसम्म आइपुग्दा सबैका लागि शिक्षा, अनिवार्य शिक्षा र निःशुल्क शिक्षा भन्ने जस्ता कुराहरु नीतिगत रुपमै स्वीकार भए र शिक्षामा सबैको पहुँचलाई सहज बनाउने उपायहरुको अवलम्बन पनि हुँदै गएको पाइन्छ ।

विद्यालय शिक्षा ऐन २०७५ ‘विद्यालय तहको संरचना, गुणस्तर, र व्यवस्थापन सुधारमा केन्द्रित रहेको छ । नेपालले हाल निःशुल्क र अनिवार्य शिक्षा नीति अवलम्बन गरेको छ । भूकम्प प्रभावित क्षेत्रमा नयाँ विद्यालय भवन निर्माण गरिएको छ । सोलार प्रणाली, कम्प्युटर ल्याव र विज्ञान उपकरण उपलब्ध गराउने जस्ता प्रयासहरु भएका छन् । समुदायका विपन्न, दलित, महिला, र अन्य पिछडिएका वर्गका लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ । डिजिटल साक्षरता प्रवर्द्धन गर्न ई-पाठ्यक्रम, स्मार्ट कक्षा जस्ता प्रयासहरु भएको पाइन्छ । अध्यापन कला सुधार गर्न राष्ट्रिय शिक्षक प्रशिक्षण केन्द्रहरू स्थापना गरिएको छ।ग्रामीण क्षेत्रका शिक्षकका लागि विशेष प्रशिक्षण कार्यक्रम संचालन भएको पाइन्छ।

---

[१] नेपालमा शिक्षा, शिक्षा महाविद्यालयको प्रकाशन विभाग, १९५६

नेपालको विद्यालय शिक्षा संरचनालाई पूर्व प्राथमिक शिक्षा (४ वर्ष उमेर पुरा गरेका विद्यार्थीलाई दिइने एक वर्षे शिक्षा), प्राथमिक शिक्षा (एकदेखि कक्षा ५ सम्मको शिक्षा), आधारभूत शिक्षा (प्रारम्भिक बाल शिक्षादेखि कक्षा ८ सम्मको शिक्षा), माध्यामिक (९-१२ कक्षा) शिक्षा गरी विभाजन गरिएको छ । यसका अतिरिक्त अपाङ्गता भएका बालबालिकालाई अलग्गै समूहमा राखी विशेष शिक्षा समेत संचालन गरिएको छ ।[२] शिक्षा ऐन, २०२८ र विद्यालय शिक्षासम्बन्धी नियमावलीले यसको प्रशासन, पाठ्यक्रम, र परीक्षा पद्धतिको मापदण्ड तोकिदिएको छ।

नेपालमा हाल सामुदायिक र संस्थागत विद्यालयहरु रहेका छन्। सामुदायिक (सरकारी) विद्यालयहरूको व्यवस्थापन शिक्षा मन्त्रालयद्वारा गरिन्छ, जबकि संस्थागत विद्यालयहरू व्यक्ति वा संस्थाद्वारा सञ्चालन गरिन्छ। नेपालमा झण्डै ३५,००० विद्यालय छन्, जसमध्ये करिब ७०% विद्यालय सार्वजनिक छन्। सामुदायिक विद्यालयहरू ९०% र संस्थागत विद्यालयहरू १०% को हाराहारीमा रहेका छन् । तर परिणाम भने ठिक उल्टो रहेको छ ।

विद्यालय शिक्षाका लागि नेपालको कुल बजेटको करिब १२ प्रतिशतको हाराहारीमा लगानी रहेको छ । यति हुँदाहुँदै पनि विद्यालय शिक्षाको गुणस्तरमा अनेकौं प्रश्नहरु उठ्ने गरेका छन् । गुणस्तरमाथि प्रश्न उठ्नका विविध कारण मध्ये विद्यालय शिक्षा सम्बन्धी प्रमुख समस्याहरु नै प्रमुख कारकको रुपमा लिने गरिन्छ ।

ग्रामीण क्षेत्रका विद्यालयमा भवन, शौचालय, खानेपानीजस्ता आधारभूत भौतिक सुविधाको अभाव, प्राविधिक र डिजिटल साधनहरूको सीमितता जस्ता भौतिक समस्या, अध्ययन-अध्यापन पद्धति परम्परागत कण्ठस्थापनमा आधारित हुनु, शिक्षकहरूको अपर्याप्त प्रशिक्षण र मूल्याङ्कन प्रणालीको कमजोर हुनु जस्ता गुणस्तरीय शिक्षाको अभावजन्य समस्या, अधिकांश बालबालिका, विशेषगरी गरिब परिवारका, विद्यालय जानबाट वञ्चित हुनु, निजी र सार्वजनिक विद्यालयबीचको असमानता छ ।सम्पन्नले महङ्गो शिक्षा लिने र विपन्नले सामुदायिक विद्यालयमा शिक्षा लिने जसले गर्दा दुई प्रकारको जनशक्ति उत्पादन हुनु जस्ता आर्थिक अभावजन्य समस्या, विकट भूगोल र दुर्गम क्षेत्रका कारण ग्रामीण बालबालिकाले शिक्षामा असमान पहुँच हुनु, कतिपय दुर्गम स्थानका बालबालिकाहरु विद्यालय जान नपाउनु जस्ता भूगोल र दुरीजन्य समस्या, विशेष गरी ग्रामीण क्षेत्रमा छात्रा विद्यार्थीका लागि नियमित विद्यालय जान कठिन हुनु जस्ता लैङ्गिकजन्य समस्याहरु टड्कारो रुपमा रहेका छन्।

[२] विद्यालय शिक्षा ऐन, २०२८

त्यसैगरी विद्यालय शिक्षा अनेकौं चुनौतीले जकडिएको छ । बदलिंदो विश्व सन्दर्भ अनुसार नेपाली विद्यालय शिक्षालाई प्राविधिक र डिजिटल रूप दिनुपर्ने, बहुभाषिक समाजमा शिक्षा सबैलाई उपलब्ध गराउन शिक्षा माध्यमलाई स्थानीय भाषाहरूसँग सामन्जस्य गराउनुपर्ने, शिक्षा नीतिहरूको प्रभावकारी कार्यान्वयनमा कमजोरी रहेको पाइन्छ। बनेका नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गराउनु, दीर्घकालीन सेवा सुरक्षाका कारण योग्य शिक्षकहरूको अभावलाई पूर्ति गराउने, विद्यालय व्यवस्थापनमा अभिभावक, समुदायका अगुवा र विद्यार्थीहरूलाई सक्रिय रूपमा संलग्न गराउने जस्ता केही प्रमुख चुनौतीहरु समेत रहेका छन् ।

उल्लेखित समस्या तथा चुनौतीलाई संवोधन गर्ने अभिप्रायले सरकारले विद्यालय शिक्षाको सुधार र प्रवर्द्धनका लागि विभिन्न पहलहरू गर्दै आएको पाइन्छ ।

यसका अतिरिक्त मुलुक संघीयतामा गएपश्चात संघिय संरचना र अधिकार सूची वमोजिम नै विद्यालय शिक्षामा सुधार गरिनु पर्ने अवस्थालाई मध्यनजर गरी नेपाल सरकारबाट प्रतिनिधि सभामा विद्यालय शिक्षा विधेयक, २०८० दर्ता हुन आएको र उक्त विधेयक हाल शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा दफावार छलफलको क्रममा रहेको छ। विद्यालय शिक्षा क्षेत्रमा रहेका अनेकौं समस्याको समाधान गरी शिक्षा क्षेत्रमा नयाँ परिवेश सिर्जना गर्ने उद्देश्यले ल्याएको उक्त विधेयकले केही विषयहरु उठान गरेको छ, उक्त विषयहरु राजनीतिक दलहरुबीच साझा धारणा बनाएर तथा स्थानीय र प्रदेश सरकारको एवं अन्य सरोकारवालाहरुको राय सुझाव लिएर मात्र समाधान गर्न सकिने समितिको ठहर वमोजिम समितिले २०८१ पुस ३ गते सातै प्रदेशमा प्रदेशस्तरीय कार्यक्रम गर्ने तय गरी अनुसूची -१ वमोजिमको मोडालिटी समेत तय गरेको थियो । सोही वमोजिम २०८० पुस ९ गते सुदूर पश्चिम प्रदेशमा अनुसूची २ वमोजिमका सहभागीहरुसँग प्रदेशस्तरीय अन्तरक्रिया कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा समितिको तर्फबाट माननीय सभापति अम्मरबहादुर थापा, माननीय सदस्य इश्वरी घर्ती, माननीय सदस्य, महेन्द्र कुमार राय, माननीय सदस्य ज्ञानु बस्नेत सुवेदी, माननीय सदस्य रामप्रकाश चौधरीको टोली बनेको थियो भने सचिवालयबाट समिति सचिव श्री दशरथ धमला र शाखा अधिकृत श्री रोशन तण्डुकार सहभागी हुनु भएको थियो ।

## १.२ कार्यक्रमको उद्देश्य

विद्यालय शिक्षा विधेयका सम्बन्धमा स्थानीय र प्रदेश तहका सरोकारवालाहरूका सुझाव संकलन गरी दफावार छलफलको क्रममा त्यस्ता सुझावलाई समेट्ने कार्यक्रमको प्रमुख उद्देश्य हो । यसका अतिरिक्त अन्तरक्रिया कार्यक्रम सम्बन्धी अन्य उद्देश्यहरु निम्नानुसार रहेका छन्

- विद्यालय शिक्षाका सम्बन्धमा विद्यमान समस्या तथा चुनौतीबारे जानकारी प्राप्त गर्ने
- विद्यालय शिक्षा क्षेत्रमा सरोकारवालाहरुको अपेक्षाबारे जानकारी प्राप्त गर्ने
- विद्यालय शिक्षाको समग्र सुधारका लागि चालिनुपर्ने कदमहरुको बारेमा जानकारी लिई सम्बन्धित निकायलाई सुझाव तथा निर्देशन दिने

## १.३ कार्यक्रमको विधि तथा प्रकृया

कार्यपत्र प्रस्तुती र सामूहिक छलफल तथा विधेयकका सम्वन्धमा सहभागीहरुबाट राय सुझाव विचार, सुझाव एवं जिज्ञासा प्राप्त गर्नेगरी तय भएको उक्त कार्यक्रम मुख्यतः छलफफल विधिमा आधारित थियो । कार्यपत्र मार्फत विधेयकका अन्तरवस्तुबारे जानकारी गराई सुझाव प्राप्त गर्ने प्रकृया अपनाइएको थियो भने सहभागीहरुले विद्यालय शिक्षा विधेयकका प्रावधानमा आफ्ना टिप्पणी राख्दै अव विद्यालय शिक्षाका लागि के कस्तो सुधार गरिनुपर्छ र विद्मान विधेयकमा के परिमार्जन गरिनुपर्छ भन्ने सन्दर्भमा धारणाहरु राख्ने प्रकृया अपनाइएको थियो ।

## १.४ सीमा

यो प्रतिवेदन सहभागीहरुबाट प्राप्त हुन आएका विचार, दृष्टिकोण तथा राय सुझावमा आधारित भई तयार पारिएको छ । स्थानीय तह तथा प्रदेश तहका नमूनाको रुपमा छनौट गरिएका जनप्रतिनिधि, शिक्षक, अविभावक, व्यवस्थापन समितिका पदाधिकारी तथा शिक्षा क्षेत्रका सरोकारवालाहरुबाट प्राप्त राय, सुझावलाई आधार मानिएको छ। यो प्रतिवेदनले सुदूर पश्चिम प्रदेशको समग्रतालाई प्रतिनिधित्व गर्ने भएतापनि प्रदेशका सबै जनप्रतिनिधि तथा प्रदेश सरकारका सबै मन्त्रालय एवं प्रदेशका सबै स्थानीय सरकारका प्रतिनिधि तथा विद्यालय क्षेत्रका सबै शिक्षक, विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवाहरुलाई प्रतिनिधित्व गराउन सकिएको छैन। छलफलमा उपस्थित सहभागीहरुबाट आएका राय सुझावमा मात्र आधारित रही निष्कर्ष निकालिएको छ ।

## १.५ प्रतिवेदनको संरचना

यो प्रतिवेदन चार परिच्छेद विभाजित छ । पहिलो परिच्छेदमा परिचय, दोस्रोमा विद्यालय शिक्षा विधेयकको बारेमा, तेस्रो परिच्छेदमा कार्यक्रमको विस्तृतीकरण, परिच्छेद चारमा निष्कर्ष तथा सुझाव समावेश गरिएको छ र अन्तमा केही अनुसूचीहरु समेत समावेश गरिएका छन् ।

# परिच्छेद दुई

# विद्यालय शिक्षा विधेयक, २०८० को अन्तरवस्तु

## २.१ विधेयकको सामान्य परिचय

विद्यालय शिक्षा विधेयक, २०८० प्रतिनिधि सभामा २०८० भदौ २७ दर्ता भएको थियो । उक्त विधेयक सभाबाट २०८० असोज २५ मा समितिमा दफावार छलफलका लागि पठाउने निर्णय भएतापनि विधेयकका सम्बन्धमा प्राप्त संशोधनहरुलाई एकीकृत गरी समितिमा २०८० मंसिर १४ मा प्राप्त भएको थियो । उक्त विधेयकमा १६३ वटा दफा रहेका छन् । ती दफाहरु उपर प्रतिनिधि सभाका १५२ समूहका सदस्यहरुले १७५८ वटा बुँदा संशोधन प्रस्ताव दर्ता गराउनु भएको छ। नेपालको इतिहासमा हालसम्मकै सबैभन्दा धेरै संशोधनकर्ता र संशोधनका बुँदा भएको विधेयकको रुपमा यो विधेयक रहेको छ ।

## २.२ विधेयकले समेटेका मूलभूत विषय

- विद्यालय शिक्षाको राष्ट्रिय मानक तथा मापदण्ड निर्धारण गर्न तथा विद्यालय शिक्षाका मुलभूत विषयमा समता, एकरूपता र गुणस्तर कायम गरी विद्यालयको स्थापना र सञ्चालन सम्बन्धी विषयलाई व्यवस्थित गर्न विद्यालय शिक्षासँग सम्बन्धित प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्ने विधेयकको मूल मर्म रहेको छ ।
- स्थानीय तहले विद्यालयको स्थापना र सञ्चालन गर्दा राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालय सञ्चालनको लागि आवश्यक पर्ने स्रोतको सुनिश्चितता गर्नुपर्ने
- निजी लगानीको विद्यालय शैक्षिक गुठी अन्तर्गत स्थापना र सञ्चालन हुने
- सामाजिक, धार्मिक वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा स्थानीय तहमा दर्ता गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्ने
- नेपाल सरकार वा प्रदेश सरकारले सम्बन्धित स्थानीय तहसँगको समन्वयमा राष्ट्रिय मापदण्डको अधीनमा रही खास वा विशेष प्रकृतिका विद्यालय स्थापना र सञ्चालन गर्न सक्ने
- माध्यमिक तहमा प्राविधिक शिक्षा, साधारण शिक्षा र परम्परागत शिक्षाका धार (स्ट्रीम) मा पढाइ हुन सक्ने

- शिक्षणको माध्यमभाषा नेपाली, संस्कृत, मातृभाषा वा अङ्ग्रेजी हुन सक्ने
- शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न चाहने व्यक्तिले अनुमतिको लागि निवेदन दिनु अगावै त्यस्तो गुठीको विधान प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय वा सो मन्त्रालयले तोकेको निकायमा दर्ता गर्नु पर्ने
- नेपालस्थित कूटनीतिक नियोगले विदेशी नागरिकका छोराछोरीलाई आफ्नै देशको पाठ्यक्रममा आधारित भई अध्यापन गराउन विद्यालय स्थापना तथा सञ्चालन गर्न अनुमतिको लागि अनुरोध गरेमा नेपाल सरकारले शर्त तोकी त्यस्तो विद्यालय स्थापना र सञ्चालन गर्न अनुमति दिन सक्ने
- विद्यालयको स्थानान्तरण गर्ने, गाभ्ने, तह घटाउने, बन्द गर्ने वा नाम परिवर्तन गर्नेः
- विद्यालयमा एउटा विद्यालय कोष रहने र रकम प्राप्त हुने स्रोतहरु खुलाइएको
- सार्वजनिक विद्यालयको प्रधानाध्यापकको छनोटका लागि जिल्ला स्थित शिक्षा कार्यालयको प्रमुख, सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा शाखाको प्रमुख र शिक्षा कार्यालयले तोकेको शिक्षाविद् रहेको एक छनोट समिति रहने र छनोट समितिका सदस्यमध्ये वरिष्ठ कर्मचारीले छनोट समितिको संयोजक भई काम गर्ने
- स्थानीय तहले राष्ट्रिय मापदण्डको अधीनमा रही विद्यालयमा प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमति दिन सक्ने
- विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपको तर्जुमा, पाठ्यक्रम संरचना, पाठ्यपुस्तक तथा पाठ्यसामग्री, विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीति र मापदण्ड निर्धारणको लागि मन्त्रालयमा सिफारिस गर्न एक राष्ट्रिय पाठ्यक्रम परिषद् रहने
- विद्यालय शिक्षा प्रणालीको समग्र शैक्षिक गुणस्तर परीक्षणको मानक, मापदण्डको विकास, विद्यालयको परीक्षण तथा विद्यार्थीको सिकाइको राष्ट्रिय उपलब्धि परीक्षण गर्न मन्त्रालय अन्तर्गत शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहने
- माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा राष्ट्रिय परीक्षा बोर्डबाट र आधारभूत शिक्षा उत्तीर्ण परीक्षा स्थानीय तहबाट सञ्चालन हुनेछ

- सार्वजनिक विद्यालयका शिक्षकको लागि एक विद्यालय शिक्षक सेवाको गठन हुने र कक्षा एकदेखि पाँचसम्म अध्यापन गर्ने शिक्षकलाई साधारण, र कक्षा ६ देखि कक्षा आठसम्म अध्यापन गर्ने शिक्षकलाई विषयगत परीक्षा लिने
- सार्वजनिक विद्यालयका माध्यमिक र आधारभूत तहका साधारण तथा विषयगत तर्फका शिक्षकलाई प्रथम, द्वितीय र तृतीय श्रेणीमा विभाजन गरिने
- सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा तय भए बमोजिम विद्यार्थी सङ्ख्या, विषयगत र कक्षागत आवश्यकताको आधारमा शिक्षकको दरबन्दी रहने
- यो ऐन प्रारम्भ हुँदाका बखत सार्वजनिक विद्यालयमा कायम रहेका शिक्षक दरबन्दीलाई विद्यार्थी सङ्ख्या, विषयगत तथा कक्षागत आवश्यकता र भौगोलिक अवस्था समेतका आधारमा मन्त्रालयले दरबन्दी मिलान गरी स्थानीय तहमा हस्तान्तरण गर्ने
- विद्यालय शिक्षक सेवालाई समावेशी बनाउन खुला प्रतियोगिताद्वारा पूर्ति हुने पदमध्ये उनन्चास प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी त्यसको पचास प्रतिशत पदमा महिलाहरूमात्र र बाँकी पचास प्रतिशत पदमा समूहका उम्मेदवारहरूबीच मात्र प्रतिस्पर्धा गराई पदपूर्ति गरिने
- शिक्षक पदमा नियुक्तिका लागि योग्यता निर्धारण गरिएको
- स्थानीय तहले सोही स्थानीय तह अन्तर्गतको एक सार्वजनिक विद्यालयबाट अर्को सार्वजनिक विद्यालयमा शिक्षक सरुवा गर्न सक्ने
- सरुवा गर्दा आधारभूत तहको साधारण शिक्षकलाई समान पदको रिक्त पदमा र आधारभूत तहको विषयगत र माध्यमिक तहको शिक्षकलाई विषयगत रिक्त पदमा मात्र सरुवा गर्नु पर्ने
- एउटै श्रेणीमा कम्तीमा पन्ध्र वर्षसम्म कार्यरत आधारभूत वा माध्यमिक तहको द्वितीय श्रेणी वा सोभन्दा मुनिका स्थायी शिक्षक उमेर हदका कारण अनिवार्य अवकाश हुन एक महिना बाँकी भएमा निजलाई एक श्रेणी माथिको पदमा बढुवा गरिने बढुवा सम्बन्धी विशेष व्यवस्था गरिएको
- सार्वजनिक विद्यालयका शिक्षकको लागि विभिन्न आचरणहरुको व्यवस्था गरिएको
- सार्वजनिक विद्यालयका शिक्षकको विभागीय कारबाही र सजाय सम्बन्धी व्यवस्था गरिएको

- सार्वजनिक विद्यालयका शिक्षकको अवकाश, उपदान र निवृत्तभरण
- कुनै शिक्षक शारीरिक अस्वस्थता वा मानसिक रोगको कारण विद्यालयमा अध्यापन गर्न असमर्थ छ भनी नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डले सिफारिस गरेमा त्यस्तो शिक्षकलाई पाँच वर्षसम्म सेवा अवधि थप गर्दा निवृत्तभरण पाउने अवस्था पुग्ने रहेछ भने त्यस्तो शिक्षकलाई बाँकी अवधि थप गरी अवकाश दिन सकिने विशेष व्यवस्था गरिएको
- ऐन प्रारम्भ भएपछि स्थायी नियुक्ति हुने शिक्षकको हकमा प्रचलित कानून बमोजिमको योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू हुने
- सार्वजनिक विद्यालयमा राष्ट्रिय मापदण्डमा निर्धारण भए बमोजिम  विद्यालय कर्मचारीको दरबन्दी रहने र शिक्षक सेवा आयोगबाट सिफारिस भएका विद्यालय कर्मचारीको नियुक्ति स्थानीय तहले गर्ने
- सार्वजनिक विद्यालयमा स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक तथा विद्यालय कर्मचारी पदमा नियुक्तिको लागि सिफारिस गर्न एक शिक्षक सेवा आयोग गठन हुने
- सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहको शिक्षा सम्बन्धी जिम्मेवारी तथा दायित्व निर्धारण गरिएको
- आयोगले जारी गरेको अध्यापन अनुमतिपत्र प्राप्त नगरी कसैले कुनै विद्यालयमा अध्यापन गर्न, गराउन नपाउने
- निजी लगानीका विद्यालयका शिक्षक तथा कर्मचारीको नियुक्ति, पदपूर्ति, पारिश्रमिक र सेवा शर्त सम्बन्धी व्यवस्था स्थानीय तहबाट स्वीकृत गराई लागू गरेको विनियम बमोजिम हुने
- सार्वजनिक शैक्षिक गुठीका विद्यालय वा निजी लगानीका विद्यालयमा कार्यरत शिक्षक तथा सार्वजनिक विद्यालयले आफ्नै स्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षकलाई दिइने तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धित विद्यालय आफैंले व्यहोर्नु पर्ने
- नेपाल सरकारले प्रत्येक वर्ष बजेटमार्फत प्रत्येक स्थानीय तहलाई विद्यालय तथा विद्यार्थी सङ्ख्या, स्वीकृत शिक्षक दरबन्दी सङ्ख्या र विद्यार्थीले प्राप्त गरेको नतिजाका आधारमा आधारभूत तथा माध्यमिक शिक्षाको लागि सशर्त र विशेष अनुदान रकम उपलब्ध गराउने

- सार्वजनिक विद्यालयको शिक्षकलाई विद्यालयमा अध्यापन गर्ने वा विद्यालयको शैक्षिक प्रशासनिक कार्यमा बाहेक अन्य कुनै कार्यमा लगाउन नपाउने व्यवस्था
- नेपालभर स्थापना भई सञ्चालनमा रहेका विद्यालय र सार्वजनिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको अभिलेख राष्ट्रिय शिक्षक किताबखानामा रहने
- विद्यालयका शिक्षकको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न गैर राजनीतिक र व्यावसायिक (प्रोफेसनल) संस्थाको रुपमा नेपाल शिक्षक महासंघ रहने व्यवस्था
- शिक्षा ऐन, २०२८ खारेजको प्रस्ताव गरेको

## २.३ विधेयकका केही प्रमुख सवाल

- निजी विद्यालयको व्यवस्थापन गर्दै निःशुल्क शिक्षा नीतिको कार्यान्वयन गर्ने विषय
- स्थानीय सरकारको संवैधानिक क्षेत्राधिकार कायम राख्दै शिक्षकसँगको नेपाल सरकारले गरेको सम्झौताको कार्यान्वयनको विषय
- शिक्षकहरुको स्वामित्व (नियुक्ति, सरुवा तथा परिचालन र व्यवस्थापन) गर्ने विषय
- शिक्षकहरुलाई दलीकरणबाट मुक्त गर्ने विषय
- कोटा, करार, राहत लगायतका अनेकौं अस्थायी शिक्षकहरुको व्यवस्थापन गर्ने विषय
- विद्यार्थी कम भएका विद्यालयहरुको मर्जिङ्ग सम्बन्धी विषय
- शिक्षालाई गुणस्तरीय, शिपमूलक बनाई रोजगारमा आधारित बनाउने विषय
- विद्यार्थी बढी भएका तर दरबन्दी कम भएका विद्यालयहरुमा शिक्षक दरबन्दीको व्यवस्था मिलाउने विषय
- विषयगत शिक्षकको व्यवस्थापन गर्ने विषय
- प्राविधिक शिक्षालाई जोड दिई स्थानीयस्तरमा जोड्ने विषय
- विद्यालय शिक्षाको मोडल निर्धारण गर्ने विषय
- शिक्षकको मर्यादा र सेवा सुविधाको व्यवस्थापन सम्बन्धी विषय ।

## २.४ विधेयकका सम्बन्धमा समितिको हालसम्मको कार्य

समितिका हालसम्मका ९९ बैठक मध्ये (२०८१ पुस १३ सम्म) विधेयकका सम्बन्धमा मात्रै ३१ बैठक बसेका छन् । समितिले गरेका कार्यहरु निम्नानुसार रहेका छनः

- समितिमा सैद्धान्तिक छलफल समाप्त भएको,
- शिक्षा क्षेत्रका विज्ञहरुसँग छलफल भएको
- विद्यालय शिक्षासँग प्रत्यक्ष रुपमा सरोकार राख्ने विभिन्न सरोकारवालाहरुसँग पटक पटक छलफल भएको
- विधेयकमाथि संशोधन पेश गर्ने संशोधनकर्ता सदस्यहरुसँग छलफल भएको
- समितिले विधेयकसँग सरोकार भएका प्रदेश र स्थानीय सरकारको सहभागितामा राय सुझाव लिने भनी सातै प्रदेशमा प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम गर्ने निर्णय गरेको
- समितिले हालसम्म प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम मार्फत रायसुझाव लिने सिलसिलामा सुदुरपश्चिम प्रदेश, सुदूर पश्चिम प्रदेशमा विद्यालय शिक्षासँग जोडिएका विभिन्न सरोकारवालाहरुको सहसभागितामा वृहत कार्यक्रमको आयोजना गरी राय सुझाव लिइएको र बाँकी प्रदेशमा समेत कार्यक्रमको तयारी भइहेको
- प्रदेशस्तरीय कार्यक्रम पछि दफावार छलफलमा प्रवेश गर्ने तयारीमा रहेको।

## परिच्छेद तीन
## अन्तर्क्रिया कार्यक्रम तथा विद्यालयको अवलोकन सम्बन्धी जानकारी

### ३.१ अन्तर्क्रिया कार्यक्रमका क्रियाकलाप

सुदूर पश्चिम प्रदेशमा विद्यालय शिक्षा विधेयक सम्बन्धी भएको प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा समितिका सभापतिले सभापतित्व गर्नुभएको थियो । कार्यक्रमको औचित्य र उद्देश्यमाथि प्रकाश पार्दै कार्यक्रमको सञ्चालन समितिका सचिव दशरथ धमलाले गर्नु भएको थियो । विधेयकका अन्तरवस्तुबारे शिक्षाविद् डा. विष्णु बहादुर कार्कीले प्रस्तुती गर्नु भएको थियो । प्रस्तुतीलाई अनुसूची ३ मा समावेश गरिएको छ । त्यसपछि सहभागीहरुबाट राय सुझाव प्रस्तुत गर्नुभएको थियो । अन्तर्क्रिया कार्यक्रम सम्बन्धी कार्यक्रम तालिका अनुसूची ४ मा समावेश गरिएको छ । अन्तर्क्रिया कार्यक्रम सम्बन्धी केही झलकहरु अनुसूची ५ मा समावेश गरिएको छ । कार्यक्रमको समापन पश्चात समितिले प्रदेशस्तरमा रहेको उत्कृष्ट विद्यालयको स्थलगत अवलोकन गरी विद्यालयको विविध पक्षमा जानकारी लिएको थियो ।

### ३.२ अन्तर्क्रिया कार्यक्रमबाट प्राप्त राय सुझाव

प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा सहभागी विभिन्न सरोकारवालाहरुले राखु भएका राय सुझावहरु निम्नानुसार रहेका थिए:

**१. श्री मनराज यादव, प्रदेश प्रदेश सभा सदस्य**

- विधेयकले विद्यालय शिक्षाको गुणस्तरमा ध्यान दिनुपर्छ
- संविधानको वर्खिलाप नहुनेगरी विषयवस्तु राखिनुपर्छ
- बालबालिकाको शिक्षालाई हितमा राख्ने विषयमा ध्यान दिनुपर्ने
- शिक्षणको माध्यम भाषा नेपाली वा अंग्रेजी वा स्थानीय भाषा जुनसुकै हुनेगरी गरिनुपर्ने
- सबैले अपनत्व लिनुपर्ने
- शिक्षकहरुलाई पर्याप्त सुविधा दिई शिक्षणमा सहभागी नभएमा कडा कारवाही गरिनुपर्ने

**२. श्री धर्मराज पाठक, प्रदेश सभा सदस्य**

- संविधानको भावना भित्र रहेर मात्र विधेयक फाइनल गरौं
- माध्यामिक विद्यालय स्थानीय सरकारकै भएकोले स्थानीय सरकार उत्तरदायी हुनुपर्छ

- शिक्षक केन्द्रविन्दमा नभई बालबालिकालाई केन्द्रमा राख्नुपर्ने
- शुल्कलाई कसरी नियन्त्रण गर्न सकिन्छ
- आधारभूत शिक्षामा सरकारले जिम्मा लिनैपर्छ तर निजी विद्यालयलाई मात्रै जिम्मा दिनु हुँदैन ।

**३. श्री सुरेन्द्र राज ओझा, सुदूर पश्चिम प्रदेश प्याब्सनका इन्चार्ज**

- हालका सस्थापक विद्यालयलाई कम्पनी ऐन अनुरुप नै संचालन गर्न पाउने व्यवस्था हुनुपर्ने
- शिक्षणको माध्यम भाषामा लचकता अपनाई नेपालीलाई पनि प्राथमिकता दिनुपर्ने र स्थानीय भाषालाई समेत महत्वका साथ हेरिनुपर्ने
- कक्षा १० को बोर्ड परीक्षा राष्ट्रिय स्तरको हुनुपर्ने

**४. श्री प्रकाश जोशी, गाउँपालिका महासंघको प्रतिनिधि**

- संविधानको मर्म अनुरुप नै स्थानीय सरकार मार्फत विद्यालय संचालन गरिनुपर्छ
- शिक्षकलाई भर्ती केन्द्र बनाउन हुँदैन
- शिक्षक केन्द्रित बनाउनु हुँदैन । बरु त्यसो हो भने अलग्गै कानून बनाऔं
- लिखित सुझा (अनामिकाजीसँग)

**५. श्री ओवविक्रम भाट, प्रदेश सभा सदस्य सामाजिक विकास समिति**

- आधारभूत शिक्षा कतिलाई मान्ने हो प्रष्ट हुनुपर्ने
- सामुदायिक विद्यालयको गुणस्तर कम भएको कारण पहिचान गर्ने
- प्रभावकारी सीपमूलक शिक्षा प्रदान गर्ने प्रकृयामा पुधार
- जन्मदर घट्ने तर विद्यालय संख्या थप्ने नीतिमा पुनरावलोकन
- समाजवादउन्मुख शिक्षा प्रणालीको विकास

**६. श्री शिवराज भट्ट, प्रदेश सभा सदस्य**

- शिक्षणमा जोड
- गुणस्तरलाई प्राथमिकता
-

**७. श्री लक्ष्मणदत्त भट्ट, प्रधानाध्यापक, धनगढी नमूना विद्यालय**

- शिक्षकलाई प्राथमिकतामा राखिनु आवश्यक
- एकै थरीको शिक्षकको व्यवस्थाका लागि भएका शिक्षकबाटै व्यवस्थापन
- हाल कार्यरत शिक्षकलाई आन्तरिक प्रतियोगिता गरी व्यवस्थापन गर्ने
- प्र अ ले नै प्रशासन र लेखाको काम गरिनु पर्ने कर्मचारीको कमजोर व्यवस्था । लेखापाल आवश्यक
- आवधिक बढुवा र आवधिक तालिमको व्यवस्था हुनुपर्ने

**८. श्री जयदेव भट्ट प्रदेश सामाजिक विकास मन्त्रालय शिक्षा हेर्ने महाशाखा**

- विधेयकमा प्रदेशलाई अधिकार नभएकोले १० कक्षाको परीक्षा गर्ने अधिकार प्रदेशलाई
- पाठ्यक्रम निर्माणमा स्थानीय र प्रदेशको प्रतिनिधित्व गरिनुपर्छ
- प्रदेशले थप पाठ्यक्रम निर्माण गरिनुपर्ने
- शिक्षकको सरुवा
- शिक्षकको मूल्याङ्कन गर्ने माथिल्लो तहका प्रदेशका कर्मचारीले गर्न पाउनुपर्ने
- बढुवा तहगत रुपमा माथिल्लो तह अर्थात प्रा वि बाट निमावि र निमावीबाट माविमा
- मर्यादाक्रममा राखिनुपर्ने
- विद्यालयको गुणस्तरको विषयमा व्यवस्थापन समितिका अतिरिक्त पालिका प्रमुखलाई पनि

**९. श्री हृदय पुजारा**

- अस्थायी .... शिक्षकहरुलाई इन्ट्रान्स लिएर योग्य भए राखौ
- अस्थायी... समयमै परीक्षा लिने
- तालिमलाई बढुवामा जोडौं
- वार्षिक तालिम
- अस्थायीको बढुवा हुँदैन भनी तालिमको प्रमाणपत्र नदिने गतल सोच
- प्रदेश र स्थानीयस्तरमा काम गर्ने शिक्षक एक तह बढुवा

**१०. प्रदेश प्रमुख सचिव, श्री कमल पोखरेल**

- शिक्षामा लगानी कम हुँदै गएकोले ऐनले बोल्न मिल्ने भएमा त्यो समावेश
- स्रोत एकै च्यानलबाट जाने व्यवस्था मिलाउनुः भौतिक पूर्वाधार
- अनावश्यक विद्यालयलाई अध्ययन गरी व्यवस्थापन

- पोष्ट मर्जिङ्ग प्लानिङ्ग गरी स्थगानीइ आत्मसम्मानमा ठेस नलागेने गरी
- विद्यालय जोनिङ्ग, रिक्रियियशन सेन्टर
- समुदाय तथा निजीसँगको सहकार्यकमा काम गर्न सकिने
- स्कूल नर्स लेखापाल प्रशासनिक कर्मचारीलाई पुलिङ्ग गरी पालिका भित्र आवश्यकतानुसार एक वा प्लस
- पालिका पालिकाबीच प्रतिस्पर्धा नगरी पाटनरसिपमा एमा एउटा विधा र अर्कोमा अर्को विधाको
- खास प्राविधिक विद्यालय कुनै खास विषयमा सनसेट टाइपका संस्था
- ठूलो कन्टेन्ट को धेरै मार्कसिट भन्दा स्लीम तर कुनै न कुनै एउटा सिपका लागि अनिवार्य । कुनै एक हार्डस्कील
- शिक्षकलाई उत्तरदायी बनाउनः
- विद्यालय शिक्षालाई यति पूर्णाङ्गभन्दा बढी गर्न नपाइने व्यवस्था
- जुन सेवा शर्त वमोजिम नियुक्ति पाउनु भएको छ सो अनुरुप नै र बाँकीलाई फरक शर्त
- शिक्षकको व्यवस्थापन प्रदेशलाई जोड्ने कि

**११. श्री डिल्लीराज पन्त, शिक्षक, सिद्दवावा मा वि, शिक्षक महासंघ प्रतिनिधि**

- अस्थायी शिक्षकको विरामी विदा लगायतका सुविधाको उपयोग गर्न पाउने व्यवस्था
- यो ऐन लागू भएपछि मात्र उपदानको व्यवस्था लागू हुनुपर्ने
- द्वन्दपिडित तथा सेवा टुटेका शिक्षकलाई विगतको सेवावधि जोडेर सुविधा दिनुपर्ने
- प्रधानाध्यापकलाई शिक्षण भन्दा व्यवस्थापकको रुपमा अधिकार दिनुपर्ने
- अधिकार सम्पन्न एउटा मात्र शिक्षक महासंघ राखे र शिक्षक काउन्सिलको व्यवस्था गरी जिल्लागत संरचना बनाइनु पर्ने
- शिक्षकको विभागीय कारवाही स्थानीय सरकारलाई नदिई माथिल्लो तहबाट हुने व्यवस्था मिलाउने
- शिक्षकको बढुवा लामो समयसम्म नहुने अवस्थाको अन्त गरिनु पर्ने
- शिक्षकको दरवन्दी पूर्ण हुनुपर्ने
- माथिल्लो कक्षाहरुमा विषयगत शिक्षकको व्यवस्था हुनुपर्ने ।

**१२. श्री दुर्गादत्त विष्ट, प्रदेश शिक्षा विकास निर्देशनालय**

- भाषा अंग्रेजी मात्र राखिनु हुँदैन
- निःशुल्क शिक्षण मापदण्ड तोकिनुपर्छ
- निःशुल्क र अनिवार्य शिक्षाको कुरा प्रष्ट हुनुपर्छ ताकि के के कुरामा निःशुल्क हो भन्ने खुल्न सकोस
- शिक्षा विभाग र कार्यालयको संरचना तथा प्रदेशले समेत लगानी गरिरहेकोले तीनै तहबीच समन्वय गरी व्यवस्थगापन गर्ने
- एसइइ आवश्यक नदेखिएकोले हटाउनु पर्ने
- शिक्षकको सरुवा गर्नेले वर्खास्त पनि गर्न पाउनुपर्छ
- पालिकाभित्र सरुवा गर्दा पालिकाले र प्रदेशभित्र गर्दा प्रदेशले तथा अन्तरप्रदेश सरुवा गर्दा संघले गर्ने व्यवस्था राखिनुपर्ने
- शिक्षा विकास निर्देशनालयले बढुवा हेर्छ तर लामो समयदेखि बढुवा भएको छैन
- आवधिक बढुवाको व्यवस्था आवश्यक
- बढुवा मन्त्रालयको सचिवले गर्ने व्यवस्था प्रस्तावित छ तर यसो गर्दा देशभरका शिक्षकको बढुवा हेर्न भ्याउदैन होला कति समय लाग्छ विचारणीय छ
- विद्यालयको निरीक्षण गर्ने निकाय प्रष्ट भएन
- प्रदेशगत शिक्षक सेवा आयोगको व्यवस्था हुनुपर्छ

**१३. श्री गणेशप्रसाद ओझा, शिक्षक महासंघ अध्यक्ष**

- विद्यालय व्यवस्थापन समितिमा अभिभावक अनिवार्य हुनुपर्छ
- विद्यार्थीको हक हितका विषय विधेयकमा समावेश हुनुपर्ने

**१४. माननीय सामाजिक विकास मन्त्री मेघराज खड्का**

- परिवार र वस्ती तथा जनसंख्या पातलो हुँदै गएकोले विद्यार्थी कम तर पढ्न पाउने अधिकार कसरी सुनिश्चित गर्ने
- स्थानीय तहमा अधिकार छ तर अधिकारको उपयोग गर्न सक्ने गरी क्षमता विकास गरिएन ।

**१५. श्री लक्ष्मीभट्ट, वाल विकास संस्था शिक्षक**

- बाल विकास संस्थामा कमजोर असाहाय वर्गका विद्यार्थी आउने भएकोले यसतर्फ ध्यान दिनुपर्ने
- बाल विकास संस्थाका शिक्षकको सेवा सुविधा कमजोर छ । प्रदेशले १० र स्थानीय तहले ७ हजार दिने भनिएकोमा स्थानीय तहले दिएका छैनन, न्यूनतम मानव अधिकारको पनि पालना हुन सकेको देखिदैन
- १५ रुपैयाको पोषण अर्थात दिवा खाजा भनिएको छ । यो अत्यन्त कम भयो सुधार गर्नुपर्छ ।
- वहालवाला अस्थायीलाई बढी नम्बर दिएर पास गराउने सरकारको नीतिले विगतमा हामी जस्ता खुल्ला प्रतिस्पर्धाबाट आउने व्यक्ति पछि पर्यौं ।

**१६. प्रधानाध्यापक श्री पुष्पमणी जोशी, भिमदत्त माध्यामिक विद्यालय**

- आधारभूत विद्यालय ८ कक्षासम्म गरिनुपर्छ
- CTEVT बाट संचालित शिक्षाको आउटपुटको समीक्षा गरी समसामयिक बनाउनु पर्ने
- विद्यालयमा कर्मचारीको समेत व्यवस्था हुनुपर्ने
- प्रभावकारी शिक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड बनाइनुपर्ने

**१७. तेज बहादुर सिंह, शिक्षक महासंघको तर्फबाट सुझाव**

- शिक्षा समकालिन समाजले माग गरेको स्थानिय सीप र प्रविधीमा आधारित जीवन उपयोगि सीप र मुल्य पक्षलाई संवोधन गर्ने हुनुपर्छ ।
- विधेयकको दफा १७ मा विद्यालय व्यवस्थापन समितिमा अभिभावकबाट छनोट गरि पठाएको सदस्य संख्या कम देखिएको छ ।
- दफा १८ मा दर्ता हुन नसकेका सार्वजनिक विद्यालयको जग्गा रजिष्ट्रेशन राज्यले गरिदिने व्यवस्था गरियोस र स्थानिय पालिकाले मालपोत छुट दिने व्यवस्था उल्लेख गरियोस् ।
- विधेयको दफा ४१ मा शिक्षकको पद र श्रेणी विभाजनमा आधारभुत (साधारण), आधारभुत (विषयगत) र मा.वि. (विषयगत) मा पनि तृतिय, द्वितिय, प्रथम र विशिष्ट गरि चार श्रेणी कायम गरिनु पर्छ ।

- विधेयकको दफा ४२ मा शिक्षकको दरबन्दि कायम गर्दा क्त्च् अनुसार तराई मा ४० , पहाडमा ३०,र हिमालमा २५ विद्यार्थीको अनुपातमा १ जना शिक्षकका दरले दरबन्दि कायम गरिनुपर्ने । त्यसै गरि विषयगत,भौगोलिक्ता र विशेष शिक्षाको सिद्धान्तलाई पनि आधार लिएर दरबन्दि कायम गर्ने कार्य गरिनुपर्छ ।
- विधेयकको दफा ४४ विद्यालय शिक्षाको सेवा पद्पूर्तीः क) आन्तरिक प्रतियोगिता २० प्रतिशित ख) कार्यसम्पादानको मुल्याङ्कन ५० प्रतिशत ग) जेष्ठता कार्य सम्पादन मुल्याङ्कनः ३० प्रतिशत कायम गरिनु पर्छ ।
- विधेयकको दफा ४४ (४)र (३) विद्यालय शिक्षाको सेवा पद्पूर्तीका सम्बन्धमा वि. स. २०७५/१२/०४ भन्दा अगाडी राहत अनुदान कोटा उ.मा.वि. अनुदान, बालविकासमा नियूक्त पाई निरन्तर सेवारत शिक्षकहरुलाई सत प्रतिशत र वि. स. २०७/१२/०४ भन्दा पछि राहत अनुदान कोटामा नियूक्त पाई निरन्तर सेवारत राहत,उ.मा.वि. अनुदान,बालविकास शिक्षकहरुलाई ५० प्रतिशित आन्तरिक प्रतियोगितात्मक प्रतियोगिताको आधारमा स्थायी गरिनुपर्ने हुन्छ ।
- विधेयकको दफा ५३ मा तलब भत्ताः शिक्षकको सेवा प्रवेशको योग्यता आधारभूत तहमा स्नातक ,माध्यामिक तहमा स्नातकोत्तर माग गरिसके पछि तलब भत्ता पनि क्रमशः अधिकृत र उपसचिव सरह हुनुपर्छ रेर तलब भत्ता मासिक विद्यालयको खातामा इएआइएस भ्ःक्ष्क् हेरेर सोझै विद्यालयको खातमा निकासा गरिने व्यवस्था गरिनुपर्छ ।
- विधेयकको दफा ६० मा शिक्षक सरुवा सम्बन्धमा व्यवस्थाः यसै दफामा उपदफा राखेर तह,श्रेणी,विषय मिलेको खण्डमा परस्पर सरुवा गर्न पाउने प्रावधान राखिनु पर्ने ।
- विधेयकको दफा ७० मा भएको विशेष बढुवाको व्यवस्थामा १०÷१० वर्षको समयावधिमा आवधिक बढुवाको व्यवस्था राखिनुपर्ने ।
- विधेयकको दफा ७९ भएको व्यवस्था अपराध संहिता २०७४ मा हुँदाहुँदै यहाँ उल्लेख गरिनुको मनसाय प्रस्ट नभएको ।
- कक्षा ९ देखि १२ को ऐच्छिक विषयको पाठ्यक्रम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको प्रदेश पाठ्यक्रम विकास केन्द्रको संरचना विकास गरेर सो मार्फत गरिनुपर्छ।

त्यसैगरी प्रदेश परीक्षा वोर्डको संरचना निर्माण गरेर एसइइ क्भभ् को व्यारियर द्यबचचष्भच निर्माण गरेर मुल्याङ्कन गरिने व्यवस्था विधेयकमा राखिनुपर्छ ।

- विधेयकको दफा १०८ मा भएको विद्यालय कर्मचारीको सेवा सर्त सुविधाको दायित्व संघिय सरकारको हुने व्यवस्था गरिनुपर्छ ।
- विधेयकको दफा १५० मा " शिक्षकलाई अन्य कामकाजमा लगाउन नपाइने" भन्ने प्रावधानमा संशोधन गरि विज्ञ शिक्षकलाई मौजुदा सरकारको मातहतमा रहेनेगरि "शैक्षणिक विधि व्यवस्थापन महाशाखा" अन्तरगत रहने गरि शिक्षकहरुको विज्ञतालाई शैक्षणिक सूपरभिजन तथा कक्षाकोठामा शिक्षण विधि कार्यान्वयन र मूल्याङ्कनमा प्रयोग गर्ने शैक्षिक गुणस्तर सुधारमा सहयोग पुग्ने व्यवस्था मिलाईनु पर्छ ।
- योग्यता पूगेका शिक्षकलाई कार्यसम्पादनको आधारमा तहगत बढुवाको व्यवस्था गरिनु पर्छ।
- विधेयकको दफा १५२ भएको व्यवस्था बमोजिम शिक्षकको अभिलेख व्यवस्थापन गर्न संरचना अन्तगत शिक्षक किताबखाना संघिय शिक्षा विज्ञान तथा प्रविधी मन्त्रालय अन्गत नै कायम गरिनुपर्छ ।
- टिइएससी कार्यक्रम अन्तगत कार्यरत प्रशिक्षकको संवोधन यस विधेयकमा गरिनुपर्ने छ।

**१८. नरेन्द्र बहादुर खाती धनगढी उपमहानगरपालिका प्रशासकीय अधिकृत**

- प्रधानाध्यापकको दरबन्दी ने अलग हुनुपर्छ
- वाल शिक्षा अलग गरी अलग्गै मापदण्डको व्यवस्था गरिनुपर्छ । पर्याप्त सुविधा दिनुपर्छ
- सिनियर शिक्षक स्वतः प्र अ हुन सक्ने भएमा का स मू प्रभावाकरी हुन्छ
- अपाङ्गता भएका विभिन्न प्रकारका बच्चाहरुलाई संकलन गरी आवासी विद्यालय चलाउनुपर्ने
- सुत्केरी वा विरामी परेको अवस्थामा जगेडा शिक्षकको व्वस्था गरी परिचालन गरिनुपर्ने
- शिक्षक काउन्सिलको व्ययवस्था गरिनुपर्ने
- प्रदेश र स्थानीय तहले कस्ता नियमावली बनाउन पाउने प्रष्ट व्यवस्था हुनुपर्ने
- दण्ड र पुरस्कारको सही प्रयोग गर्ने व्यवस्था हुनुपर्ने ।

**१९. लक्ष्मण सिंह, समन्वय, जिल्ला समन्वय समिति डोटी**

- शाखा अधिकृतलाई ६ महिना स्टाफ कलेजमा तालिमको व्यवस्था छ तर शिक्षकलाई नभएकोले अव यस्तो व्यवस्था गरिनुपर्छ
- लाइसेन्स नभै शिक्षक बन्दैन तर लाइसेन्स नभएले स्थानीयस्तरमा शिक्षक भेटिंदैन । तसर्थ विधेयकले यसलाई सुधार गरोस ।

२०. **श्री खगेन्द्र सिंह धामी, प्रमुख, बैतडी जिल्ला समन्वय समिति**

- विद्यालय निरीक्षणको व्यवस्था हुनुपर्ने
- विद्यालयमा राजनीति नगर्ने वातावरण सिर्जना गरिनुपर्ने
- करार तथा अस्थायी शिक्षकको मनोवल कमजोर बनाइएकोले ससम्मान सुविधाको व्यवस्था गरिनुपर्ने

२१.**श्री उपेन्द्र राज जोशी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, धनगढी माध्यामिक विद्यालय**

- वडाध्यक्ष समितिको अध्यक्ष बनाउनु हुँदैन
- प्र अ को अलग्गै दरबन्दी हुनुपर्छ र अलग्गै सीप र क्षमताको योग्यता राखिनुपर्छ
- विद्यालयमा कर्मचारीको समस्या छ । थोरै रकमले जनशक्ति व्यवस्था हुँदैन । लेखापाल १८००० मा सम्भव हुँदैन। काम पनि राम्रो गर्न सक्दैन । यसमा सुधार आवश्यकछ
- मा वि मा लेखा अधिकृत र तल लेखापाल हुनुपर्छ
- करारका शिक्षकमा मनोवल कमजोर छ । उकास्नुपर्छ
- प्राविधिक शिक्षामा करारको शिक्षकलाई टिकाउन नसिकएकोले स्थायी गर्ने व्यवस्था हुनुपर्ने
- विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई निरन्तर विद्यालय जाने बनाई विद्यालयका समस्या संवोधन गर्न जिम्मेवार बनाउनुपर्छ
- दरवन्दी मिलान अतयावश्यक छ ।

२२. **नीति तथा योजना आयोगका प्रतिनिति**

- दृष्टिकोण बदल्न आवश्यक
- स्थानीय सरकराले सक्ने विषय तल दिने अरु विषय माथिबाटै हेर्ने व्यवस्था गरिनुपर्छ

- निजी विद्यालयको व्यवस्थापन पेचिलो बनेकोले सबैले जितेको वातावरण सिर्जना गरी व्यवस्थापन गरिनुपर्छ
- विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार बनाइनुपर्छ ।

**२३. माध्यमिक विद्यालय शिक्षक युनियन, नेपालको तर्फबाट जिल्ला कार्य समिति अध्यक्ष श्री हृदय पुजारा**

- साविक उच्च माध्यमिक तहका लागि राज्यबाट प्राप्त ४,००० अनुदान कोटालाई आउँदो बजेट मार्फत दरबन्दीमा परिणत गरिनुपर्ने । यसरी अनुदान कोटालाई दरबन्दीमा परिणत गर्दा राज्यलाई थप आर्थिक व्ययभार पर्दैन ।
- आउँदै गरेको संघिय शिक्षा ऐनमा सामुदायिक विद्यालयमा प्राविधिक धारसमेत साविक उच्च माध्यमिक तह कक्षा ११ र १२ को दरबन्दी अनुदान कोटामा (९२,००० दरबन्दी र ४,००० अनुकोटा थप हुन आउने दरबन्दी/अनुदान कोटा सहित) कार्यरत शिक्षकहरुलाई शिक्षक सेवा आयोगबाट लिइने पहिलो पटकको विज्ञापनमा उमेरको हद नलाग्ने गरी माध्यमिक द्वितीय श्रेणीमा विशेष आन्तरिक प्रक्रिया (प्रतिस्पर्धा) बाट स्थायी गरिनुपर्ने भन्ने बुँदा उल्लेख गरिनुपर्ने।
- उच्च माध्यमिक शिक्षा ऐन २०४६ बमोजिम नियुक्त भई कार्यरत शिक्षकहरुलाई तत्कालिन अध्यापन अनुमति पत्र आवश्यक नरहेको हुँदा पछि शिक्षक सेवा आयोगबाट ५ वर्षका लागि दिइएको अस्थायी लाइसेन्सलाई खारेज गर्नुपर्ने वा अस्थायी लाइसेन्स प्राप्त शिक्षकहरुलाई स्वतः स्थायी लाइसेन्स उपलब्ध गराउनुपर्ने ।
- साविक उच्च माध्यामिक तहमा कार्यरत शिक्षकहरुलाई नियुक्तिका बखत माध्यामिक द्वितिय श्रेणीको सेवासुविधा उपलब्ध उपलब्ध गराउँदै आएको हुँदा सोही बमोजिम मर्यादाक्रम निर्धारण गरिनुपर्ने ।
- कक्षा ९ देखि १२ सम्म अध्यापन गराउने माध्यमिक तहका शिक्षकहरुको साप्ताहिक लोड प्रधानाध्यापकको १२ पिरियड, सहायक प्रधानाध्यापकको १२ देखि १८ पिरियड र अन्य शिक्षकहरुको बढीमा १८ पिरियड भार कायम गरिनुपर्ने ।
- साविक उच्च माध्यामिक तह कक्षा ११ र १२ का शिक्षकहरुलाई आवश्यकता अनुसार प्रादेशिक वा जिल्लान्तर सम्मको सरुवाको व्यवस्था गरिनुपर्ने । सरुवा गर्दा सरुवा हुन चाहने

शिक्षकको स्वकृतिमा दुई विद्यालयबाट विद्यालय व्यवस्थापन समिति वा प्रधानाध्यापकको दोहोरो सहमति अनिवार्य लिनुपर्ने ।

- कक्षा ११ र १२ मा अध्यापन गराइने विषय अध्यापन गराउन कुन विषयमा स्नातकोत्तर गरेको हुनुपर्ने भन्ने सन्दर्भमा पाठ्यक्रम विकास केन्द्रबाट स्पष्ट निर्देशन गरिनुपर्ने ।
- संस्थागत विद्यालयमा कार्यरत शिक्षकहरुलाई विद्यालयबाट अनविार्य नियुक्ति पत्र दिनुपर्ने । साथै सामाजिक सुरक्षा भत्ताको व्यवस्था गरी सामाजिक सुरक्षा कोषमा अनिवार्य आवद्ध गरिनुपर्ने।
- सञ्चित बिरामी विदाको व्यवस्था गरिनुपर्ने ।
- दुर्गम क्षेत्र भनी किटान गरिएका क्षेत्रमा दुर्गम भत्ताको व्यवस्था गरिनुपर्ने ।
- कतिपय सामुदायिक तथा संस्थागत विद्यालयमा शिक्षकहरुलाई पूरा तलब नदिई बाँडेर भुक्तानी गरेको, न्यून पारिश्रमिक भुक्तानी गरेको भन्ने गुनासो आएको हुँदा शिक्षकहरुको तलबभत्ता मासिकरुपमा शिक्षकको बैंक खातामा जम्मा हुने गरी विद्यालयले व्यवस्था मिलाउनुपर्ने ।
- कक्षा ११ र १२ को रिक्त दरबन्दी÷अनुदान कोटामा शिक्षक व्यवस्थापन निर्देशिका २०७१ अनुसार सोही विद्यालयमा कार्यरत पूर्णकालिन वा आंशिक शिक्षकको योगदानलाई प्राथमिकतामा राखी रिक्त दरबन्दी÷अनुदान कोटामा शिक्षकको व्यवस्थापन गरिनुपर्ने । यसरी शिक्षक छनौट गर्दा शिक्षक व्यवस्थापन निर्देशिका २०७१ बमोजिम हुनुपर्ने ।
- संविधानले सामुदायिक विद्यालयमा कक्षा १२ सम्मको शिक्षालाई निःशुल्क गरेको छ । यदि यसलाई कार्यान्वयन गर्न नसकिने हो भने कक्षा १२ सम्म सञ्चालित माध्यमिक विद्यालयलाई सशुल्कसहित सिनियर माध्यामिक विद्यालय र कक्षा १० सम्म सञ्चालित माध्यमिक विद्यालयलाई निःशुल्क जुनियर माध्यामिक विद्यालय गरी माध्यमिक विद्यालयलाई दुई खण्डमा विभाजन गरिनुपर्ने ।
- सबै विषय समूहका कक्षा १२ सम्मको पाठ्यक्रमलाई एउटै समयमा सुरु गरी एउटै समयमा सकिने गरी एकरुपता कायम गरिनुपर्ने ।
- कक्षा ११ र १२ मा अध्यापन गराइने सबै विषयमा सबै शिक्षकका लागि शैक्षिक तालिम केन्द्रबाट विषयगत तालिम सञ्चालन गरिनुपर्ने । यसरी तालिम सञ्चालन गर्दा विद्यार्थीको

पठनपाठनमा प्रत्यक्ष असर नपर्ने गरी विद्यालय विदा हुँदाको बखतमा विभिन्न तालिमका कार्यक्रमहरु सञ्चालन गरिनुपर्ने । यसरी तालिममा खटाइएका शिक्षकहरुलाई थप अतिरिक्त भत्ताको व्यवस्था गरिनुपर्ने ।

- कक्षा १२ को बोर्ड परीक्षाको प्रश्नपत्र निर्माण गर्दा कक्षा ११ र १२ मा लामो समयदेखि अध्यापन गराएका अनुभवी वरिष्ठतम शिक्षकहरुबाट मात्र त्रुटीरहित र पाठ्यक्रमले तोके बमोजिमको प्रश्नपत्र निर्माण गर्न लगाउनुपर्ने ।
- कक्षा १२ को बोर्ड परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षणमा कक्षा ११ र १२ मा अध्यापन गराइरहेका शिक्षकहरुबाट मात्र उत्तरपुस्तिका परीक्षण गराइनुपर्ने । परीक्षा सञ्चालनमा कक्षा ११ र १२ मा अध्यापन गराउने शिक्षकलाई नै अनुगमन, पर्यवेक्षक, केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षकका रुपमा जिम्मेवारी दिनुपर्ने ।
- शिक्षक बैकको ब्यबस्था गरी अनुगमन प्रणाली ब्यबस्थित गरिनुपर्ने
- शिक्षा शाश्र संकायलाई अध्ययन संस्थान बनाउनु पर्ने
- प्राबिधिक शिक्षा माटो सुहाउदो प्रदेशलाई जिम्मा दिनु पर्ने
- शिक्षक तालिममा अस्थाई लाई पनि अनिवार्य तालिमको ब्यबस्था हुनुपर्ने र सम्पूर्ण जिम्मा प्रदेश तालिम केन्द्रलाई दिनुपर्ने
- प्रदेश बिश्व विद्यालय गठन गरी प्रदेश शिक्षा मोडेल बनाउने जिम्मा दिनु पर्ने र
- गौतम बुद्ध, जयपृथ्वी बहादुर सिंह लगायतका शिक्षा विदहरुका आदर्शलाई शिक्षासँग जोडिनु पर्ने
- अस्थायी प्रकृतिका विद्यालय शिक्षकहरुलाई शैक्षिक बधुवा मजदुरको ब्यबहारबाट मुक्त गरिनु पर्ने ।

## ३.२ राय सुझावको सार

कार्यक्रममा सहभागीहरुबाट प्राप्त सुझावहरुलाई विषयगत रुपमा एकीकरण गरी उपशीर्षकहरुमा बर्गीकरण गरी संक्षेपमा निम्नानुसार हेर्न सकिन्छ:

**संवैधानिक र नीतिगत**

- संविधान विपरीत नहुनेगरी कानून बनाउनुपर्ने
- संघीय, प्रदेश, र स्थानीय सरकारबीच समन्वय हुनुपर्ने

**शिक्षाको माध्यम र पहुँच**

- भाषा (नेपाली, अंग्रेजी, स्थानीय) लचिलो बनाउनुपर्ने।
- स्थानीय स्रोतसाधनमार्फत सबैलाई शिक्षामा पहुँच सुनिश्चित गरिनुपर्ने

**शिक्षक व्यवस्थापन र सुधार**

- शिक्षक भर्ती, सरुवा र बढुवा व्यवस्थापनमा विशेष व्यवस्थाहरु समावेश गरिनुपर्ने
- शिक्षाको गुणस्तरको मूल्याङ्कन प्रणाली समावेश गरिनुपर्ने
- तलब भत्ता तथा सेवा सुविधामा निजामती सरह हुनुपर्ने
- शिक्षकलाई अन्य प्रशासनिक कामबाट अलग गरी अलग्गै कर्मचारीको व्यवस्था गरी प्रशासनिक तथा आर्थिक कार्यमा सहभागी गराउनु पर्ने
- प्रधानाध्यापकलाई शिक्षण भन्दा पनि अलग्गै प्रशासनिक व्यक्तिको रुपमा व्यवस्था गरिनुपर्ने
- प्रधानाध्यापकको अलग्गै दरवन्दी हुनुपर्ने ।
- अस्थायी राहत कोटा करार जस्ता विविध प्रकारका शिक्षकहरुको सट्टा एकै प्रकारको शिक्षकको व्यवस्था गरिनुपर्ने
- अस्थायी राहत कोटा करारका शिक्षकहरुलाई एक पटक आन्तरिक प्रतिस्पर्धा गराई स्थायी गरिनुपर्ने विदाई गरिनुपर्दा सम्मानजनक विदाई गरिनुपर्ने
- द्वन्दपिडित शिक्षकहरुको टुटेको सेवावधि जोडी सुविधा दिनुपर्ने ।

**विद्यार्थी हित र पाठ्यक्रम विकास**

- पाठ्यक्रमलाई स्थानिय र सीपमूलक बनाउनुपर्ने
- आधारभूत शिक्षाको परिभाषा स्पष्ट गरी निःशुल्क शिक्षाको मापदण्ड तोकिनुपर्ने
- विद्यालय व्यवस्थापनमा अभिभावकको भूमिका खोजिनुपर्ने

**संस्थागत व्यवस्थापन सुधार**

- निजी र सामुदायिक विद्यालय बीचको समन्वयमा विद्यालय सुधार गरिनुपर्ने
- विद्यालयको भौतिक पूर्वाधारमा सुधार गर्ने व्यवस्था राख्ने

परीक्षा बोर्ड र पाठ्यक्रम विकास केन्द्रको आवश्यकता रहने

## ३.३ विद्यालयको स्थलगत अवलोकन

प्रत्येक प्रदेशमा प्रदेशस्तरीय कार्यक्रमको सिलसिलामा प्रदेश तहबाट सिफारिस भएको कम्तीमा राम्रो एउटा र औषतको अर्को एउटा विद्यालयको स्थलगत अवलोकन गर्ने निति अनुरुप समितिको स्थलगत अनुगमन टोलीले सुदूर पश्चिम प्रदेशका विभिन्न विद्यालयहरुमध्ये सदरमुकाममा रहेको पञ्चोदय माध्यामिक विद्यालयको स्थलगत अवलोकन गरी संक्षिप्त अन्तर्क्रिया गरेको थियो । अन्तर्क्रियामा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, प्रधानाध्यापक तथा शिक्षक र विद्यार्थीहरुको सहभागिता रहेको थियो । अन्तर्क्रिया तथा छलफलबाट विद्यालय तहमा असल अभ्यास, विद्यालयको समग्र विद्यमान अवस्था, विद्यालयले भोग्नु परेका समस्या तथा सामाना गर्नुपरेका चुनौती लगायतका विविध पक्षबारे जानकारी प्राप्त भएको थियो । टोलीले गरेको विद्यालयको स्थलगत अवलोकन सम्बन्धी केही झलकहरु अनुसूची ६ मा समावेश गरिएका छन् ।

# परिच्छेद चार

# निष्कर्ष तथा सुझाव

## ४.१ निष्कर्ष

विद्यालय शिक्षासम्बन्धी प्रस्तावित विधेयकले शिक्षाको समावेशी, पहुँचयोग्य र गुणस्तरीय संरचना निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्छ। सुझाव र धारणाहरूले विधेयकलाई नीतिगत स्पष्टता, शिक्षण प्रक्रियामा नवीनता, शिक्षक व्यवस्थापनमा सुधार र प्रदेश तथा स्थानीय तहसँगको समन्वयात्मक भूमिका निर्धारण गर्न मद्दत पुर्याउने देखिन्छ। विधेयकले प्राविधिक र सीपमूलक शिक्षा, विद्यालय जोनिङ्ग, र सामुदायिक तथा निजी विद्यालयबीच सहकार्यलाई प्रोत्साहन गर्ने माध्यम प्रस्तुत गरेको छ। तर यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कार्ययोजना, स्रोत व्यवस्थापन, र निरीक्षण प्रणाली थप मजबुत बनाउनुपर्ने आवश्यकता छ। विधेयक माथि पेश भएका सुझावहरुले विद्यालय शिक्षा माथिको दफावार छलफललाई प्रभावकारी बनाउने दिशामा टेवा पुर्याउने देखिन्छ।

नेपालको विद्यालय शिक्षाको सुधारका लागि नीति, योजना, र तिनको प्रभावकारी कार्यान्वयन एकसाथ अघि बढाउन जरुरी छ। अहिलेको चुनौतीलाई अवसरमा बदल्दै गुणस्तरीय र पहुँचयुक्त शिक्षाको लक्ष्य प्राप्त गर्न सरकार, गैरसरकारी संस्था, र आम नागरिकबीचको समन्वय आवश्यक छ। केवल यसबाट मात्र नेपालले शिक्षाको क्षेत्रमा दिगो विकासको यात्रा तय गर्न सक्नेछ। विद्यालय शिक्षामा समान पहुँच, गुणस्तर, र प्राविधिक क्षमताको अभिवृद्धि भएमा, नेपाली समाजले सामाजिक र आर्थिक उन्नतिको नयाँ युगमा पाइला राख्न सक्ने देखिन्छ।

## ४.२ सुझाव

नेपालको विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन विद्यालय शिक्षा विधेयकमा निम्नानुसार ध्यान दिनुपर्ने देखिन्छः

**प्राविधिक र व्यावसायिक शिक्षा**

- विद्यालय तहबाटै व्यावसायिक र सीपमूलक शिक्षा प्रणाली लागू गरिनुपर्छ
- डिजिटल शिक्षण र अनलाइन शिक्षा कार्यक्रम विस्तार आवश्यक छ

**लैंगिक र क्षेत्रीय समानता**

- छात्रा तथा विकट क्षेत्रका विद्यार्थीका लागि विशेष सहुलियत कार्यक्रम संचालन गरिनुपर्छ

- शिक्षामा लैंगिक समानताका लागि वातावरणीय सुविधा उपलब्ध गराउनु आवश्यक छ

**शिक्षकहरूको व्यवस्थापन र प्रोत्साहन**

- शिक्षक सेवा आयोग मार्फत योग्य शिक्षकको भर्ना प्रकृया अपनाई उनीहरूको क्षमता अभिवृद्धिमा ध्यान दिनुपर्छ

**स्थानीयकरण**

- स्थानिय आवश्यकता र सन्दर्भअनुसार पाठ्यक्रमको विकास गरी लागू गरिनुपर्छ
- स्थानीय सरकारलाई बढी जिम्मेवार र उत्तरदायी बनाउनु आवश्यक छ

**दिगो वित्तीय लगानी**

- सार्वजनिक शिक्षा प्रणालीमा दीर्घकालीन लगानी वृद्धि आवश्यक छ ।
- निजी क्षेत्रको लगानीलाई संरक्षण गरी निजी विद्यालयहरुको व्यवस्थापनमा गरिनुपर्छ ।

**टेक्नोलोजीको उपयोग**

- विद्यालय शिक्षामा कृत्रिम बुद्धिमत्ता, ब्लेन्डेड लर्निङ, र भर्चुअल रियलिटीजस्ता प्रविधि प्रयोग गरी शिकाईलाई बढावा दिनुपर्छ ।

**अनुसन्धात्मक पहल**

- विद्यालय शिक्षाको प्रभावकारिता मापन गर्न अनुसन्धान र तथ्याङ्क संकलनमा जोड दिने व्यवस्था गरिनुपर्छ ।

## अनुसूची १
## कार्यक्रमको मोडालिटी

- सात प्रदेशमा हुने ७ वटा कार्यक्रमको लागि ५ वटा मात्र टोली निर्माण हुने
- सुदूर पश्चिम र मधेश प्रदेशका लागि एउटा तथा कर्णाली र लुम्बिनी प्रदेशका लागि एउटा टोली निर्माण हुने
- प्रत्येक सदस्यले आफ्नो दलबाट समितिमा प्रतिनिधित्व गर्नुहुने सदस्यहरुबीच समन्वय गरी सदस्यले रोजेको कुनै एक प्रदेशमा सहभागी हुनु पर्ने
- प्रत्येक टोलीमा ५ जना सदस्यका दरले टोली बनाइने
- एउटा दलबाट एउटा प्रदेशमा एक जना मात्र सहभागी हुने तर नेकपा एमाले र नेपाली काँग्रेसका ७।७ जना सदस्य भएकाले कुनै २ वटा प्रदेशमा २।२ जना सदस्य सहभागी हुने
- आफूले रोजेको प्रदेश बाहेक आफ्नो प्रदेशमा हुने कार्यक्रममा त्यस प्रदेशबाट प्रतिनिधित्व गर्नुहुने सदस्य स्वतः सहभागी हुन पाउने ।

  ✓ तत्काललाई देहाय बमोजिमका ३ वटा प्रदेशस्तरीय कार्यक्रम गर्ने:
    - २०८१ पुस ९ गतेसम्म सुदूर पश्चिम प्रदेशम
    - २०८१ पुस १३ गते सुदूर पश्चिम प्रदेश र
    - २०८१ पुस १५ गते मधेश प्रदेश

✓ पहिलो चरणको कार्यक्रमको फिडब्याक समेतका आधारमा त्यसपछि अन्य प्रदेशमा समेत कार्यक्रम गर्ने।

✓ प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रमको सिलसिलामा प्रत्येक प्रदेशमा एउटा राम्रो र एउटा औषत विद्यालयको स्थलगत अवलोकन गरी जानकारी लिने ।

## अनुसूची ३
## कार्यक्रमका सहभागी सरोकारवाला

प्रदेश सभाका प्रमुख सचेतकहरु

प्रदेश सभा अन्तर्गतको सामाजिक विकास समितिका सदस्यहरु

सामाजिक विकास मन्त्रालयका मन्त्री/राज्यमन्त्री, सचिव र शिक्षा हेर्ने महाशाखा प्रमुख

गाउँपालिका महासंघ मार्फत सुदूर पश्चिम प्रदेशभित्रका गाउँपालिकाहरु मध्येबाट समावेशिताका आधारमा अध्यक्ष र उपाध्यक्षहरुबाट ४ जना

नगरपालिका महासंघ मार्फत सुदूर पश्चिम प्रदेशभित्र नगरपालिकाहरु मध्येबाट समावेशिताका आधारमा अध्यक्ष र उपाध्यक्षहरुबाट ४ जना

जिल्ला समन्वय समिति महासंघ मार्फत सुदूर पश्चिम प्रदेशभित्र जिल्ला समन्वय समितिहरु मध्येबाट समावेशिताका आधारमा अध्यक्ष र उपाध्यक्षहरुबाट ४ जना

कार्यक्रम हुने पालिकाको प्रमुख, उपप्रमुख, प्रशासकीय अधिकृत र शिक्षा हेर्ने महाशाखा प्रमुख

प्रदेशको उत्कष्ट/कमजोर विद्यालयका प्रधानाध्यापक/विद्यालय व्यवस्थापन समितिका अध्यक्ष

शिक्षक महासंघको प्रदेशस्तरीय कमिटीका प्रमुख/उपप्रमुख

कार्यक्रम हुने जिल्लाको शिक्षा विकास तथा समन्वय एकाई प्रमुख

प्रदेश शिक्षा निर्देशनालयको निर्देशक

संस्थागत विद्यालयहरु मध्येबाट कुनै २ विद्यालयका प्रतिनिधि

## अनुसूची-५
## विज्ञको प्रस्तुतीकरणका स्लाइड






## विद्यालय शिक्षा विघेयकमा भएका केहि **महत्वपूर्ण** कुरा

७. **प्राधानाध्यापक छनोट प्रकृया** - छनोट समिति र शैक्षिक योजनाको प्रस्तुति ।

८. **निजी लगानीका बिद्यालयको** स्थापना र सञ्चालन (शैक्षिक गुठी अन्तर्गत)

**९. निःशुल्क तथा अनिवार्य शिक्षा**

१०. संघमा **शिक्षा बिभाग**, र प्रत्येक जिल्लामा **शिक्षा कार्यालय** ।

११. **परीक्षा बोर्ड**, **शिक्षक सेवा आयोग**, **पाठ्यक्रम बिकास केन्द्र**, **शैक्षिक गुणस्तर केन्द्र,**

## विद्यालय शिक्षा विघेयकमा भएका केहि **चुनौतिपूर्ण** कुरा

१. **सामुदायीक बिद्यालयको गुणस्तरको सवाल** - लगानीको अवस्था

२. **निजी बिद्यालयको** स्थापना र सञ्चालन - शैक्षिक गुठी अन्तर्गत

**३. निःशुल्क तथा अनिवार्य शिक्षा** - राजनीतिक बुझाइ र यथार्थ

**४. शिक्षक व्यवस्थापन** - जवाफदेहिताको सवाल

**५. शिक्षाका प्रशासनिक संरचना** - संघमा **शिक्षा बिभाग**, र प्रत्येक जिल्लामा **शिक्षा कार्यालय** ।

६. **शिक्षाका प्राविधिक संरचना** - CTEVT, परीक्षा बोर्ड, शिक्षक सेवा आयोग, पाठ्यक्रम बिकास केन्द्र, शैक्षिक गुणस्तर केन्द्र, शिक्षक किताबखाना इत्यादी ।

## ऐन निर्माण गर्दा **फरक ढंगले सोच्नुपर्ने बिषय**

**१. शिक्षाको उद्देश्य के हो -** के का लागि शिक्षा ? ऐनको परिच्छेद १मा **ऐनको नाम** र **परिमाषा** लेख्यौं तर **उद्देश्य लेखेनौं** ।

**क.** शिक्षा शिक्षाका लागि होइन, यो पुरक (Complementary function) हो, बिकासका लागि पूवाधार हो शिक्षा । तेसो हो भने ....

**ख.** तहगत शिक्षाको उद्देश्य — के खोजेको हो, भाषा, सीप, ज्ञान ? कति खोजेको हो?

**ग.** दायीत्वका कुरा - शिक्षाले रोजगार दिदैन । तेसो हो भने ....

**२. विद्यालय शिक्षाको गुणस्तरको मानक** (शैक्षिक मानक, पूर्वाधार तथा व्यवस्थापकीय मानक)

## ऐन निर्माण गर्दा **फरक ढंगले सोच्नुपर्ने बिषय**

**३. अनिवार्य शिक्षा**

क. **अनिवार्य के हो** - शिक्षा हो कि सीप अनिवार्य हो ?

ख. **लागतको कुरा** - कसले कति बेहोर्ने हो ?

ग. **दायीत्वको कुरा** - अनिवार्य शिक्षा पछि के त ? भाडमा जाओ भन्ने हो?

## ऐन निर्माण गर्दा **फरक ढंगले सोच्नुपर्ने बिषय**

**४. विद्यालय भित्र कति प्रतिशत सिकाइ** हुने हो? २१औं शताब्दीको सीप अथवा सिकाई विद्यालय भित्र मात्रै कति सम्भव छ? तेसो हो भने...

क. विद्यालय भित्र के र कति सिक्ने

ख. घर परीवार, समुदाय, समाज र पर्यावरण बाट कति सिक्ने

ग. प्रबिधिको प्रयोग मार्फत कति सिक्ने

५. **शिक्षक को को हुन र कति प्रतिशत हुन** ? व्यवस्थापन ?

कक्षाकोठामा उभिएको ब्यक्ति, अभिभावक, समाज, प्रविधि ....

## ऐन निर्माण गर्दा **फरक ढंगले सोच्नुपर्ने बिषय**

### ६. विद्यालय शिक्षाको मोडेल

- **५००० बर्ष भन्दा पुरानो रेकर्ड फेलापर्छ**
- **निश्चित भवन वा स्थान, पाठ्यक्रम, शिक्षक, मूल्यांकन बिधि ।**

- बिभिन्न मोडेलका बिद्यालय School district, Home school, Community school, Gvernment managed school, Federal schoo
- लगानीको मोडेल
- प्राबिधिक र ब्यावसायीक शिक्षा अनिवार्य गर्ने बेला भयो ।
- उत्पादन र रोजगारमा आधारित स्थानिय पाठ्यक्रम
- समाज, परिवार र पर्यावरण भित्रको सिकाइको मुल्यांकनमा आधारीत शिक्षा ।

## निजी क्षेत्रबाट सञ्चालित विद्यालय शिक्षा

### ७. फेरि पनि उद्देश्य के हो,

- किन निजी विद्यालय ? के का लागि निजी बिद्यालय ?
  - गुस्तरका लागि हो ? ब्यवसाय गर्न दिएको हो ?
- प्रति विद्यार्थी लागतका आधारमा आधारभूत तहमा सबै प्रकारका बिद्यालय नि:शुल्क गरिनु पर्छ ।
- पहुच र प्रतिनिधित्वका आधारमा स्थापित गरिनु पर्छ  र प्रोत्साहित गरिनु पर्छ

## अनुसूची- ४
## कार्यक्रम तालिका
# विद्यालय शिक्षा विधेयकका सम्बन्धमा प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रम
**२०८१ पुस ९ गते**

**होटेल डेभोटी, धनगढी**

| **कार्यक्रम** | **समय** |
|---|---|
| रजिष्ट्रेशन तथा ब्रेकफास्ट | विहान ८:०० |
| हल प्रवेश/कार्यक्रम प्रारम्भ | ८:५५ |
| **आसन ग्रहण**<br>• माननीय सभापति अम्मर बहादुर थापा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति<br>• संघीय संसदका माननीय सदस्यहरु<br>• माननीय सामाजिक विकास मन्त्री/राज्यमन्त्री, सुदूर पश्चिम<br>• प्रदेश सभाका प्रमुख सचेतक<br>• सुदूर पश्चिम प्रदेश सभाको सामाजिक विकास समितिका माननीय सदस्य<br>• जिल्ला समन्वय समिति महासंघ, नगरपालिका संघ तथा गाउँपालिका महासंघबाट यस प्रदेशमा प्रतिनिधिन्व गर्नु हुने प्रमुख/उपप्रमुख<br>• धनगढी महानगरपालिकाका प्रमुख/उपप्रमुख<br>• सुदूर पश्चिम प्रदेशका प्रमुख सचिव<br>• प्रदेश सभा सचिव<br>• सामाजिक विकास मन्त्रालयका सचिव<br>• सुदूर पश्चिम प्रदेश शिक्षा निर्देशनालय निर्देशक<br>• धनगढी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत<br>• प्रदेशभित्रबाट आमन्त्रित विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापक<br>• शिक्षक महासंघको प्रदेशस्तरीय कमिटीका प्रमुख/उपप्रमुख<br>• कैलाली जिल्लाका शिक्षा विकास तथा समन्वय इकाई प्रमुख<br>• सामाजिक विकास मन्त्रालय र धनगढी नगरपालिकाका शिक्षा हेर्ने महाशाखा प्रमुख<br>• विषयविज्ञ, संस्थागत विद्यालयका प्रतिनिधि, पत्रकार लगायत उपस्थित सम्पूर्ण महानुभावहरु | ९:०० |
| **विधेयकको सम्बन्धमा समितिको अपेक्षा**<br>• माननीय सभापति अम्मर बहादुर थापा | ९:०५-९:२० |
| **विद्यालय शिक्षा विधेयक, २०८० बारे प्रस्तुतीकरण**<br>• डा. विष्णु बहादुर कार्की | ९:२०-९:५० |
| **विद्यालय शिक्षा विधेयकका सम्बन्धमा सहभागीबाट सुझाव** | ९:५०-११:३० |
| **चिया ब्रेक** | ११:३०-११:४५ |
| **सुझावको निरन्तरता** | ११:४५-१:०० |
| **धन्यवाद सहित कार्यक्रमको समापन**<br>• माननीय सभापति अम्मर बहादुर थापा | १:० -१.१० |
| **दिवा खाना** | १:१० |

## अनुसूची- ६
## अन्तर्क्रिया कार्यक्रमका केही झलक






संघीय संसद सचिवालय






THE
HOTEL
DEVOTEE

# अनुसूची ६

## विद्यालयको स्थलगत अवलोकन सम्बन्धी केही झलक







विद्यालय










श्री पञ्चोदय माध्यमिक विद्यालय

.................................

अम्मर बहादुर थापा

माननीय सभापति

..................................

ईश्वरी घर्ती

माननीय सदस्य

...............................

महेन्द्र कुमार राय

माननीय सदस्य

..................................

राम प्रकाश चौधरी

माननीय सदस्य

...............................

ज्ञानु बस्नेत सुवेदी

माननीय सदस्य

...............................

दशरथ धमला

समिति सचिव